आज मिति २०७८।०९।१९ गते सोमबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७६ औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रामकृष्ण बराइली | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-८ | |
| ५ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | गोबिन्द प्रसाद पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| १२ | बेल बहादुर चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | लोक बहादुर पुन | कार्यबाहक वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थितिः

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | युवराज थापा | सूचना अधिकृत, बेनी नगरपालिका | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८।०९।१९ गते

१. बेनी नगरकार्यपालिकाबाट विगतमा भएका निर्णय र सोको कार्यान्वयन अवस्थाको समीक्षा गर्दैं बिगतमा भएका सबै निर्णय तथा खर्चहरु अनुमोदन गरियो । नगरपालिकाबाट कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयमा तदारुकता देखाई थप समन्वयका साथ अगाडी बढ्ने निर्णय गरियो ।

२. बेनी नगरपालिका, वडा नं. ७ स्थित बहुउद्देश्यीय मैदानमा निर्माण भएका टहराहरुको मर्मतका लागि प्राविधिकको प्रतिबेदन अनुसार लाग्ने रकम यस नगरपालिकाको सञ्चित कोषबाट व्ययभार हुने गरी बिनियोजन गर्ने निर्णय गरियो ।

३. बेनी नगरपालिका, वडा नं. ७, सामुदायिक चोक स्थित सार्वजानिक शौचालय बेनी नगरपालिकाको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी, म्याग्दीको आर्थिक सहयोगमा मर्मत गरी सञ्चालन गर्ने निर्णय गरियो।

४. बेनी नगरपालिका क्षेत्र भित्रका नदीहरुबाट बेला बखतमा हुने गरेको ढुङ्गा, गिट्टी तथा बालुवाको अवैध उत्खननलाई नियन्त्रण गर्ने कार्यमा प्रहरी परिचालन गरी यस प्रकारको कार्य हुन नदिन जफत गरिएको अवैध निर्माण सामाग्री लिलाम बिक्री गरी प्राप्त हुन आउने कुल रकमको १५ (पन्ध्र) प्रतिशत रकम प्रोत्साहन स्वरुप सो कार्यमा संलग्न हुने सुरक्षाकर्मीहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

५. बेनी नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत बाल विकासतर्फका शिक्षक एवं विद्यालय कर्मचारीहरुको संघीय सरकारबाट भएको निर्णय बमोजिम न्यूनतम १५००० रुपैया तलब पुर्याउन बेनी नगरपालिकाको स्थानीय सञ्चित कोषबाट देहाय बमोजिमको रकम थप गर्ने निर्णय गरियो । निजहरुका सम्बन्धमा असोज मसान्तसम्मको तलबभत्ता भुक्तानी भैसकेको देखिएकोले कार्तिक महिनाबाट लागु हुने गरी जम्मा ९ महिनाको थप तलबको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| सि नं | विवरण | कार्यरत संख्या | थप गरिएको तलब रकम रु | जम्मा रकम कार्तिक महिनादेखि |
|---|---|---|---|---|
| १ | बालविकास शिक्षक | ५१ | ७००० | ३२१३००० |
| २ | विद्यालय कर्मचारी | ५५ | ७००० | ३४६५००० |
| ३ | विद्यालय सहायक कर्मचारी | १४ | ५००० | ६३०००० |
| | | | कुल जम्मा | ७३०८००० |

६. नेपाल सरकारबाट कोभिड १९ लाई नियन्त्रण गर्न उच्च सतर्कता अपनाउने विषयमा लेखी आए बमोजिम बेनी नगरपालिकामा कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नियुक्त गरिएका सि.आई.सि.टि. तर्फका जनस्वास्थ्य अधिकृत श्री सम्झौता शर्मा तथा ल्याब टेक्निसियन श्री रजनी बि.क. को सेवा करार म्याद वि.सं. २०७९ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

७. बेनी नगर कार्यपालिकाको कार्यालयको परिसरमा नगरकार्यपालिकाको मिति २०७८/०८/०७ गतेको निर्णयानुसार चमेनागृह सञ्चालन तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले नगरपालिका परिसरमा रहेका बाँस तथा रुखहरु कटान गर्ने निर्णय गरियो ।

८. बेनी नगर क्षेत्रभित्र रहेका कुनै व्यक्तिको निजी जग्गामा वा कुनै सामुदायिक वनको जग्गामा रहेका रुखहरुबाट भविष्यमा कुनै व्यक्तिको घरमा वा सामुदायिक भवनमा क्षति पुर्याउन सक्ने वा विपद निम्त्याउन सक्ने सम्भावना देखिएको कारण त्यस्ता किसिमका रुखहरु कटानका लागि सम्बन्धित व्यक्तिले सम्बन्धित वडा कार्यालयको

सिफारिश समेत लिई नगरपालिकामा निवेदन दिएमा आवश्यक समन्वय र सहजीकरणका लागि डिभिजन वन कार्यालयमा लेखी रुख कटान गर्ने गराउने निर्णय गरियो । यसका अतिरिक्त सार्वजनिक क्षेत्रमा रहेका वर, पिपल, स्वामीहरुको आवश्यकता अनुसार काटछाँट गर्ने गराउने निर्णय गरियो।

९. आर्थिक वर्ष २०७९/८० का लागि राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम विशेष अनुदान तथा संघीय समपुरक अनुदानका लागि योजनाको प्रस्ताव पेश गर्न आव्हान भए अनुसार यस नगरपालिका क्षेत्र अन्तर्गतका देहायका योजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क) विशेष अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु

(१) खबरा खानेपानी योजना, बेनी न.पा.-२, खबरा

(२) गाज्ने, नयाँ गाउँ, ढोलथान, पुलाडाँडा, खानेपानी योजना, बेनी न.पा.-५, ९

(३) पात्लेखेत काछलुंग खानेपानी योजना, बेनी न.पा.-१०, पात्लेखेत

(४) तातोपानी बजार तथा कुण्ड संरक्षण योजना, बेनी न.पा.-४

(५) कुरिलाखर्क मंगलघाट संरक्षण योजना, बेनी न.पा.-७

(६) भुकभुके खानेपानी योजना बेनी न.पा. ३

(७) डडुवा शहरी स्वास्थ्य केन्द्र बेनी न.पा ५

ख) समपुरक अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु

(१) गलेश्वर-काउलेगौडा-पात्लेखेत सडक, बेनी न.पा.-९ र १०

(२) बेनी बजार बाहिरी रिंग रोड, बेनी न.पा.-७ र ८

(३) कोल्ड स्टोर निर्माण, बेनी न.पा.-४, सिंगा

(४) बांगेरा लब्लिहिल भकुण्डे सडक, बेनी न.पा.-२

(५) बेनी बगरफाँट थामडाँडा मरेक डोले सडक, बेनी न.पा.-२, ३ र ४

(६) महारानीस्थान फूर्केसल्ला छाप डाँडाखेत ठुलोखोला सडक

(७) भस्भसेदेखि आनन्दबगर लामागरा सारेमारा ढोडेनी खोला हुँदै बाग्लुङ नपा ४ जोड्ने ग्रामीण कृषि सडक

(८)बेनी तोरीपानी वाखेत पाखापानी सडक

१०. बेनी नगरपालिका ९ नं. वडा कार्यालयमा सहायक पाँचौ पदमा कार्यरत वडा सचिव श्री भुपेन्द्र खत्रीको २०७८/०८/२१ गते असामयिक निधन भएको र निजको स्थायी नियुक्तिपत्रका आधारमा सेवा अवधि जम्भा १९ वर्ष ८ महिना १३ दिन देखिएको र स्थानीय स्वायत्त शासन नियमावलीमा सेवामा छँदा मृत्यु भएमा सेवा अवधि थप्ने विषयमा केही उल्लेख भएको देखिँदैन । यद्यपि निजामती सेवा ऐन २०४९ मा कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यू भएमा सेवा अवधि थप गर्ने व्यवस्था रहेको छ । निजामती सेवा ऐन सबै तहको सरकारका लागि मार्गदर्शक ऐन भएको र निज कर्मचारी यस नगरपालिका अन्तर्गतनै नियुक्ति भई अविच्छिन्न कार्य गरिरहेको कर्मचारी रहेको तथ्यलाई मनन् गर्दै निजको सेवा अवधि २ महिना थप गरी जम्मा २० वर्ष १ महिना १३ दिन कायम गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६८ (घ) बमोजिम निजले काम गरेको प्रतिवर्षका निमित्त आखिरी २ महिनाको तलब बराबरको उपदान तथा अन्य सेवाहरु उपलब्ध गराउने निर्णय गरियो ।

११. बेनी नगरपालिका, वडा नं. ७ स्थित खुल्ला मञ्चको नगरपालिका केन्द्रको एकमात्र खेलमैदान रहेकोले सो मञ्चमा प्यारापिट निर्माण तथा अन्य भौतिक सुधारका लागि आवश्यक पर्ने रकम शहरी विकास मन्त्रालय लगायत अन्य सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिकाको सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई हालका भवनबाट सेवा प्रवाह गर्न कोठाहरु अपर्याप्त रहेकोले नयाँ भवनको माथिल्लो तल्लामा लागत अनुमान तयार गरी तला थप गर्ने र सो तला थप गर्दा पर्ने व्ययभार स्थानीय सञ्चित कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

१३. बेनी नगरपालिका अन्तर्गतका १० वटै वडाहरुमा आठ लाख रुपैयाँका दरले रकम बिनियोजन गर्ने र सम्बन्धित वडा समितिबाट उक्त रकम बराबरको एकवटा योजना छनौट गरी नगरसभामा पेश गर्ने निर्णय गरियो। साथै नगरप्रमुख तथा उपप्रमुखबाट रु १० लाख रुपैयाका योजना छनौट गरी आगामी नगरसभामा पेश गर्ने ।

१४. बेनी नगरपालिका अन्तर्गतको बेनी सामुदायिक माध्यमिक विद्यालय, बेनी न.पा.-७, बेनीको अधुरो भवन निर्माणका लागि स्थानीय सञ्चित कोषबाट रु ५,००,००० (अक्षेरुपी पाँच लाख रुपैयाँ) रकम विनियोजन गर्ने निर्णय गरियो।

१५. बेनी नपा ७ मा रहेको प्रहरी विट रहेको घर हाल घरधनीले बिक्री गरेकोले सोही वडास्थित श्री भरत कुमार राजभण्डारीको घरमा कर सहित मासिक रु ८५०० (आठ हजार पाँच सय रुपैया) भाडा तिर्ने गरी प्रहरी बिट सार्ने निर्णय गरियो ।

१६. जिल्ला प्रहरी कार्यालयको नवनिर्मित भवन निर्माणका लागि स्थानीय सञ्चित कोषबाट रु १ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

१७. राधाकृष्ण आमा समूह बेनी २ का लागि आवश्यक जिन्सी सामाग्री खरिदका लागि अन्य संस्था सहायता शीर्षकबाट रु ६० हजार विनियोजन गर्ने निर्णय गरियो ।

१८. नेपाल पत्रकार महासंघ स्यागदीको क्षमता विकास कार्यक्रमका लागि अन्य संस्था सहायता शीर्षकवाट रु ३५ हजार विनियोजन गर्ने निर्णय गरियो ।

१९. राजश्व बक्यौता तथा सार्वजनिक जग्गा भाडा सम्झौता नवीकरण समितिबाट नगरपालिका मार्फत निर्माण भएका संरचना तथा पूर्वाधारहरुबाट राजश्व सङ्कलन तथा भाडा निर्धारणका एवं नवीकरण सम्बन्धी सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२०. बेनी नगर कार्यपालिकाको मिति २०७८/६/२२ गतेको निर्णयानुसार तातोपानी कुण्ड व्यवस्थापन समितिले निर्माण गरेको प्राकृतिक चिकित्सालयको भौतिक पूर्वाधारको लागत अनुमान अनुसारको रकम सञ्चित कोषबाट विनियोजन गर्ने निर्णय भए बमोजिम कुल रकम रु २० लाख तातोपानी कुण्ड ब्यवस्थापन समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

२१. बेनी नगरपालिका, वडा नं. ६ स्थित ढलेढुङ्गा थाकनपोखरी डाँडागाउँ सडक स्तरउन्नतिका लागि रु २ लाख र चुत्रेनी खानेपानी लिफ्टिङ योजनाका लागि रु २ लाख रुपैया स्थानीय सञ्चित कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

२२. बेनी नगरपालिकाको विधायन समितिबाट तयार भएका कार्यविधिहरु उपर छलफल तथा आवश्यक अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

२३. बजारक्षेत्रका सिसिटिभिहरुको भुक्तानीका विषयमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने विषयमा गठित अनुगमन समितिबाट पेश भएको प्रतिवेदन तथा सिसिटिभि व्यवस्थापनका विषयमा मिति २०७८/०४/१८ मा भएको निर्णय समेतका आधारमा जिल्ला उद्योग वाणिज्य सङ्घलाई भुक्तानी गरिएको रकम रु २४१७६८।२५ (दुई लाख एकचालिस हजार सात सय अठसठ्ठी रुपैया पच्चीस पैसा) को खर्च अनुमोदन गर्ने निर्णय गरियो ।